# केदारस्युँ गाउँपालिका
(Kedarsyun Rural Municipality)
## गाउँ कार्यपालिकाको कार्यालय
(OFFICE OF THE RURAL MUNICIPAL EXECUTIVE)

देउरा, बझाङ
सुदूरपश्चिम प्रदेश, नेपाल


पत्र संख्या :-२०८३/०८४

## सुची दर्ता सम्बन्धी सुचना!!!

सुचना नं. ५.

सुचना प्रकाशित मितिः २०८३।०४।०४
ने.सं. ११४६ दिल्लाथ्व, सप्तमी

प्रस्तुत विषयमा यस केदारस्युँ गाउँपालिकाले आर्थिक वर्ष २०८३/०८४ का लागि आवश्यक पर्ने तपशिलमा उल्लेखित वस्तु तथा सेवा खरिद कार्यहरू गर्नका लागि सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७ (क) तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १८ बमोजिम मौजुदा सूची (Standing List) तयार गर्नुपर्ने भएकाले सो कार्यका लागि इच्छुक इजाजत प्राप्त फर्म, कम्पनी, सप्लायर्स तथा परामर्शदाताहरूले नियमावलीको अनुसूची २(क) अनुसार आवश्यक कागजातसहित सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र रितपूर्वक यस कार्यालयको प्रशासन शाखामा निवेदन पेश गर्नुहुन सम्बन्धित सबै मा जानकारी गरिन्छ।

| सूचिकरणमा माग गरिएका सेवाहरु | दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरु |
|---|---|
| **क) सामान खरिद, उपकरण, मर्मत तथा आपूर्ति कार्य**<br>१. स्टेशनरी सामानहरु( मसलन्द)<br>२. छपाई सम्बन्धी सम्पूर्ण कार्यहरु,<br>३. पत्रपत्रिका तथा पुस्तक खरिद( आपूर्ति) सम्बन्धी कार्यहरु,<br>४. फर्निचर तथा फिक्चर्स सम्बन्धी कार्य,<br>५. सवारी साधन मर्मत सम्बन्धी कार्य,<br>६. रङरोगन सम्बन्धी कार्य,<br>७. इन्धन ( डिजेल,पेट्रोल),<br>८. इलेक्ट्रोनिक उपकरणहरु( कम्प्युटर,ल्याटप,प्रिन्टर,टोनर आदि आपूर्ति तथा मर्मत लागयतका सम्पूर्ण कार्यहरु)। | १. गत आ.व. को कर चुक्ता प्रमाणपत्रको छाँया प्रति, स्थायी लेखा नम्बर र मु.अ.क (VAT) दर्ता प्रमाणपत्रको छाँया प्रति,<br>२. फर्म दर्ता प्रमाणपत्रको छाँया प्रति,<br>३. इजाजतपत्र आवश्यक पर्ने सेवाको हकमा सम्बन्धीत निकायको इजाजतपत्रको छाँया प्रति।<br>४. सूची दर्ताका लागि भ्याट पसलहरुको नयाँ दर्ता बापत रु. १,५००।- तथा भ्याट पसलको नवीकरण र अन्य (प्यान PAN) फर्महरुको दर्ता/नवीकरण दुवैको हकमा रु. १,०००।- दस्तुर सहित निवेदन पेश गर्नुपर्नेछ। |
| **ख) सेवा तथा परामर्श कार्य**<br>१) रेडियो कार्यक्रम उत्पादन तथा प्रसारण सम्बन्धी कार्यहरु ,<br>२) इन्टरनेट सेवा सम्बन्धी कार्यहरु।<br>३) गुरुयोजना निर्माण सम्बन्धी कार्य<br>४) तालिम/ गोष्ठी/ सेमिनार सञ्चालन साम्बन्धी कार्य | |

२०८३।०४।०४
केशव राज भट्ट
नि.प्रमुख प्रशासकीय अधिकृत

"व्यवसायिक र सिर्जनशिल प्रशासन:विकास समृद्धि र सुशासन"

CamScanner